प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

कोशी प्रदेश

प.सं. :- ०८१/८२

च.नं. :- २०३४

मिति :- वि.सं. २०८२/०२/२९

विषयः सिफारिस गरी पठाइदिने सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै)

कोशी प्रदेश ।

प्रस्तुत विषयमा यस मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई रोजगारी दिई राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका रोजगार प्रदायकलाई **प्रोत्साहन र सम्मान** गरी योगदानको कदर गर्ने उद्देश्यसहित वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई रोजगार प्रदान गर्ने व्यक्ति/संस्थालाई प्रोत्साहन गर्नको लागि प्रस्ताव आह्वान गरिएको छ । प्रस्ताव पेस गर्ने ढाँचा र मापदण्डसमेत यसै पत्रसाथ संलग्न गरिएको बेहोरा अनुरोध गर्दै तहाँ स्थानीय तहमा रहेका वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई रोजगारी दिईरहेका तपसिलमा उल्लिखित मापदण्डबमोजिम उत्कृष्ट ठहरिएका रोजगार प्रदायक व्यक्ति/संस्था/कम्पनी/फर्महरूबाट प्रस्ताव सङ्कलनसमेत गरी एक उत्कृष्ट रोजगार प्रदायक व्यक्ति/संस्था/कम्पनी/फर्मलाई पुरस्कृत गर्नका लागि सिफारिस गरी सम्बन्धित व्यक्ति/संस्था/कम्पनी/फर्मले पेस गरेका कागजातसहित मिति २०८२।०३।०८ गतेसम्म मन्त्रालयको ईमेल mosd@koshi.gov.np मा पठाईदिने व्यवस्थाका लागि यस मन्त्रालयको मिति २०८२।०२।२९ को (मा. मन्त्रीस्तर) निर्णयानुसार [redacted] अनुरोध छ ।

## तपसिल

### रोजगार प्रदायक छनोटको मापदण्ड

| क्र.सं. | शर्त | अङ्कभार | संलग्न गर्नुपर्ने प्रमाण/कागजात |
|---|---|---|---|
| १. | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई रोजगारी प्रदान गरेको आधार<br>क) १-३ जनालाई रोजगारी दिएको,<br>ख) ४-८ जनालाई रोजगारी दिएको,<br>ग) ९-१५ जनालाई रोजगारी दिएको,<br>घ) १५ जना भन्दा माथि रोजगारी दिएको | अधिकतम ४० अङ्क<br>१०<br>२०<br>३०<br>४० | रोजगार प्रदायकको स्वघोषणा |
| २. | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिले सञ्चालन गरेको व्यवसाय | १० अङ्क | रोजगार प्रदायकको स्वघोषणा |
| ३. | न्यूनतम् पारिश्रमिक रु. १७,३०० | १० अङ्क | बैङ्कमार्फत प्रदान गरेको स्टेटमेन्ट |
| ४. | स्थानीय साधन, श्रोत र प्रविधिको प्रयोग (कच्चा पदार्थ/औजार/प्रविधि) | १०अङ्क | कच्चा पदार्थको नाम समेत खुलाएको स्वघोषणा |
| ५. | महिलाले सञ्चालन वा नेतृत्व गरेको रोजगार प्रदायक संस्था | ७ अङ्क | दर्ता प्रमाणपत्र |
| ६. | सामाजिक सुरक्षा कोषमा आवद्धता भएको | ८ अङ्क | आवद्धता प्रमाणपत्र |
| ७. | स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचीकृत भएको | ५अङ्क | सूचीकृत प्रमाणपत्र |
| ८. | उत्पादन भएका वस्तु निर्यात बजार पाईरहेको | ५ अङ्क | निर्यात गरिएको बील/बीजक वा अन्य प्रमाण |
| ९. | उत्पादनमा लेभलिङ वा प्याकेजिङ गरेको | ५ अङ्क | लेभलिङ वा प्याकेजिङको नमूना |
| कूल जम्मा | | १०० अङ्क | |

(प्रदिप गौतम)

शाखा अधिकृत

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

## प्रस्ताव पेश गर्ने ढाँचा

विषय:प्रस्ताव पेश गरिएको सम्बन्धमा ।

श्री ...................................... महानगर/उपमहानगर/नगर/गाउँ पालिका,
गाउँ/नगर कार्यपालिकाको कार्यालय
................................ ।

महोदय,

मेरो/हाम्रो ............... फर्म/व्यवसाय/कम्पनी/संस्थामा वैदेशिक रोजगारीबाट फर्किएका ..........जनालाई रोजगार प्रदान गरिरहेको हुनाले सामाजिक विकास मन्त्रालयबाट मिति २०८२।०२।२९ मा प्रकाशित सूचना बमोजिम देहायमा उल्लिखित विवरण भरी सोसँग सम्बन्धित कागजात समेत संलग्न गरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं ।

१. व्यवसायको नामः
२. व्यवसायको उद्देश्यः
३. प्रोप्राइटरको नाम ४. लिङ्ग क) महिला ख) पुरुष
५. ठेगानाः
६. व्यवसाय सञ्चालन भएको स्थान/ठेगानाः
७. व्यवसाय स्थापना मितिः
८. व्यवसायमा कार्यरतहरुको कर्मचारी/कामदारहरुको संख्या :

महिला :

पुरुष :

९. वैदेशिक रोजगारीबाट फर्केका कार्यरत कुल संख्याः क) महिला ख) पुरुष
१०. व्यवसायको अवस्था : क) एकल ख) साझेदारी ग)कम्पनी घ) अन्य(खुलाउने) ....................
११. व्यवसायको वार्षिक उत्पादन क्षमता :
 क) परिणामः
 ख) मूल्यमाः
 ग) अन्यः
१२. व्यवसायको प्रकृति क) उत्पादनमूलक ख)सेवामूलकः
१३. व्यवसायको कुल पूँजीः
 -चालु पूँजीः
 -स्थिर पूँजीः

१४. स्थानीय साधन, श्रोत र प्रविधिको प्रयोगको अवस्थाः- प्रयोग भएमा स्थानीय स्रोत साधन तथा प्रविधि उल्लेख गर्ने............

१५. व्यवसाय वैदेशिक रोजगारीबाट फर्किएर आएर सञ्चालन गरेको भएको सोको पुष्टी, महिलाहरुले सञ्चालन गरेको वा महिलाले नेतृत्व गरेको पुष्टि:- दर्ता प्रमाणपत्र

१६. सामाजिक सुरक्षामा आवद्धता भएको प्रमाण:-

१७. उत्पादन बजारीकरण गरेको आधार/पुष्टि:-

१८. हालसम्म नेपाल सरकार / प्रदेश सरकारवाट अनुदान वा सहयोग प्राप्त भए सो को जानकारी

क) प्रविधि सहयोग पाएको भए प्रविधिको नामः

ख) अनुदान रकम/अन्यः

ग) रकम /ब्याज अनुदान / स्टार्ट अप कर्जा ........

१९. व्यवसाय नवीकरण गरेको प्रामाणित कागजात

२०. पचासलाख भन्दा माथि कुल पूँजी भएको व्यवसायको हकमा लेखापरीक्षण प्रतिवेदन (Audit Report) अनिवार्य पेश गर्नुपर्नेछ

२१. सम्बन्धित स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमा सूचीकृत भएको भए सोको प्रमाण

२२. स्थानीय तहको सिफारिस पत्र

२३. माथि उल्लेख गरिएको विवरण ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सँहुला/बुझउँला भनि निवेदन पेश गर्ने निवेदकको

हस्ताक्षर........

नाम र पद........

व्यवसायको नाम र ठेगाना.........

सम्पर्क फोन नं........

इमेल.......

संस्था/कम्पनी/ फर्मको छाप......

मिति...............